स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भारतको डुवर्समा निर्माण गरिएको नेपाली भाषाको फिल्म 'धागो' को आधिकारिक ट्रेलर सार्वजनिक भएको छ। ट्रेलरले कथावस्तुको भावलाई प्रस्ट्याएको छ, जसमा परिवारभित्रको भावनात्मक सम्बन्ध सामाजिक दुरावस्थाको मार्मिक चित्रण छ। सपना र इच्छा पूरा गर्न आमाबुवाले गर्ने अथक प्रयत्नलाई पनि दर्शाइएको छ। गहन कथावस्तुस कमेडी पनि समावेश गरिएको छ।

**आजको विचार...**



**निर्वाचन...**

*(दुई पेजमा)*

**पूर्ण ओली**

बालगायक अशोक दर्जीको जीवन र संघर्षलाई समेटेर चलचित्र 'मन बिनाको धन' तयार गरिएको छ। गायक दर्जीलाई सडकबाट उद्धार गरेर गायनसम्ममा साथ दिका सङ्गीतकार तथा गायक टंक बुढाथोकीले निर्देशन गरेको चलचित्रमा वर्तमान समाजमा मन र धनबीचको टकरावलाई चित्रण गर्दै दर्जीको 'जिरोबाट हिरा' बन्ने यात्रालाई देखाइएको छ। चलचित्रको कथा तयार गरिएको बताए। उनले भने, 'सडकमा गीत गाउँदै हिँड्ने गायक दर्जीको जीवन परिवर्तन गरेको कथा चलचित्रमा ल्याएको छु।



❐ वर्ष ३१ अंक ९८ ❐ २०८२ कात्तिक १७ गते सोमबार 3 November 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## भियतनाममा भीषण बाढी ३५ को मृत्यु

(रासस/एएफपी)

**हनोई,** कात्तिक १६/यस हप्ताको लगातार भारी वर्षा र बाढीका कारण मध्य भियतनाममा कम्तीमा ३५ जनाको मृत्यु भएको छ भने पाँच जना अझै बेपत्ता रहेका छन् । विपद् व्यवस्थापन अधिकारीहरूका अनुसार २४ घण्टाभित्र १.७ मिटर (५ फिट ६ इन्च) सम्मको रेकर्ड वर्षा भएपछि तटीय प्रान्तहरू तहसनहस भएका छन् । भियतनाम विपद् तथा डाइक व्यवस्थापन प्राधिकरण (भिडिडिएमए) का अनुसार मृतकहरू ह्यु, दा नाङ, लाम डोङ र क्वाङ त्रि प्रान्तका रहेका छन् । युनेस्को विश्व सम्पदा सूचीमा रहेको प्राचीन सहर होइ एन पनि कम्मर-गहिरो पानीमा डुबानमा परेको छ । स्थानीय नदी ६० वर्षयताको उच्चतम स्तरमा पुगेपछि बासिन्दाहरू काठका डुङ्गा प्रयोग गरी सहरमा यात्रा गर्न बाध्य भएका छन् । होइ एनका निवासी चुओङ गुयेनले भने, "सबैजना स्तब्ध छन् । हामीले बाढीका लागि तयारी गरेका थियौं तर पानी यति बढ्ने अपेक्षा गरेका थिएनौं । धेरै घरहरू समयमै तयार हुन नसक्दा धेरै सामान नष्ट भए ।" भिडिडिएमएका अनुसार १६ हजार ५०० भन्दा बढी घर डुबानमा परेका छन्, ४० हजारभन्दा बढी कुखुरा र गाईवस्तु बगाएका छन् र करिब पाँच हजार ३०० हेक्टर (१३ हजार एकड) बाली जमिन बाढीले नष्ट गरेको छ । वातावरण मन्त्रालयका अनुसार कुल एक लाखभन्दा बढी घर बाढीले प्रभावित भएका छन् र १५० भन्दा बढी स्थानमा भूस्खलन भएको छ ।

# पदयात्रीको रोजाइमा 'देवचुलीडाँडा'

**रासस**

**त्रिवेणी (नवलपरासी),** कात्तिक १६/ पछिल्लो समय देवचुली नगरपालिका-६ स्थित 'देवचुलीडाँडा' आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । पदयात्रा गर्न रुचि हुनेहरूको आगमन बढ्नुका साथै देचवुलीडाँडा जिल्लाकै प्रमुख पदयात्राको गन्तव्यसमेत बन्दै गएको छ । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको सबैभन्दा अग्लोडाँडाका रूपमा समुद्र सतहदेखि करिब एक हजार ९ सय ३६ मिटर उचाइमा पर्दछ ।

पर्यटकीय क्षेत्र देवचुलीडाँडाबाट सूर्योदयको मनमोहक दृश्य हेर्न आन्तरिक पर्यटक यहाँ आउने गरेका छन् । नवलपुरसहित चितवन आसपासका क्षेत्रबाट पदयात्रामा रुचि राख्नेहरूको अहिले देवचुलीडाँडा रोजाइमा पर्न थालेको देवचुली-६ का वडाध्यक्ष मीनबहादुर सोतीले बताए । उनका अनुसार अहिले दैनिक २०-३० जनासम्म आन्तरिक पर्यटक यहाँ पुग्ने गरेका छन् । डाँडाबाट बिहान सूर्योदयको सुन्दर दृश्य, उत्तरतर्फका हिमाल, नवलपुर, तनहुँ, पाल्पा र चितवनका भूभाग अवलोकन गर्न पाउँदा आनन्द महसुस गरेको कावासोतीका वसन्त अधिकारीले बताए । "यहाँबाट उत्तरतर्फ देखिने मनमोहक हिमशृङ्खलाले मन आनन्दित बनाउँछ", उनले भने, "यस क्षेत्रमा



पर्यटकीय पूर्वाधार विस्तार गर्न सबै बाह्य पर्यटकको रोजाइमा पनि पर्ने थियो ।" देवचुली डाँडाबाट दक्षिणतर्फ नारायणी नदी, पूर्व-पश्चिम राजमार्ग छेउका घना बस्ती, चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रसहित समथर भूभाग सहजै अवलोकन गर्न सकिने अधिकारीले जानकारी दिए । पूर्वाधार विस्तारसँगै पर्यटन प्रवर्द्धन तथा रोजगारी सिर्जना गर्न सकिने उनले धारणा राखे । छोटो दूरीको पदयात्रामा रमाउनेका लागि देचवुलीडाँडा उपयुक्त गन्तव्य बन्न सक्ने कावासोतीका प्रवीन सापकोटाले बताए । पहाडी पाखाको यात्रा, यात्रामा देखिने मनोरम दृश्यले आगन्तुकलाई आकर्षित गर्ने उनको भनाइ छ । एक साँझ पोखरी क्षेत्रमा रहेको घरबास (होमस्टे)मा बास बसेर मगर समुदायको स्थानीय परिकार, संस्कृतिको अवलोकन गर्न सकिने उनले बताए । पूर्व-पश्चिम राजमार्गको दलदलेबाट करिब २० किलोमिटर उत्तर लागेपछि पोखरी पुगिन्छ । त्यसपछि पैदलयात्रा सुरु हुन्छ । पोखरी क्षेत्रमा खाने, बस्ने सुविधासहिका होटल सञ्चालनमा छन् । यहाँ घरबासको सुविधासमेत छ । कोही दलदलेबाट मुण्डे-कीर्तिपुरहुँदै देवचुलीडाँडा चढ्ने गर्दछन् । करिब तीन घण्टाको पैदलयात्रापछि देवचुलीडाँडा पुग्न सकिन्छ । देवचुलीडाँडा जाने अधिकांश पोखरीहुँदै जाने देवचुली-६ का वडाध्यक्ष सोतीले बताए । यो मार्ग हुँदै जाँदा ठाडो उकालो कम पर्ने हुनाले अधिकांशले यही मार्ग प्रयोग गर्ने उनको भनाइ छ । "यो मार्ग भएर जानेहरू अघिल्लो साँझ बोझा पोखरी पुग्ने गर्दछन् । यहाँ घरबाससमेत रहेकाले राति घरबासमा बस्ने, पहाडका स्थानीय परिकार खाने, सांस्कृतिक कार्यक्रममा रमाइलो गर्ने र बिहान पैदलयात्रामा निस्कने गर्दछन् । पदयात्राका क्रममा बीचमा केही होटलहरू पनि छन्", उनले भने । देवचुली डाँडामा प्राकृतिक गुफा, तीन कन्यामाईको मन्दिर, भ्यू टावरलगायत संरचना निर्माण गरिएको वडाध्यक्ष सोतीले जानकारी दिए । परापूर्वकालमा यहाँ पाँच पाण्डव गुप्तबास बसेका किंबदन्तीसमेत रहेको उनले बताए । थारु समुदायले प्रत्येक वर्ष चैत पूर्णिमाका दिन देवचुली डाँडामा विशेष पूजा गर्दछन् ।

*-बाँकी अन्तिम पेजमा...*

# मोटरसाइकल दुर्घटना हुँदा एकको मृत्यु




**गुल्मी,** कात्तिक १६/गुल्मीमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । जिल्लाको इस्मा गाउँपालिका-१ को भराहा खोला नजिकै मोटरसाइकल दुर्घटना हुँदा रेसुङ्गा नगरपालिका -२ बाखेछेडाका सरोज बस्नेतको मृत्यु भएको हो ।

तम्घास- सिमलटारी सडक खण्डमा झरनाबाट तम्घास तर्फ आउँदै गरेको मोहन सिह बस्नेतको लु ५६ प ८४२६ नं.को २०० सि.सि. मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा बस्नेतको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षाक गंगाबहादुर सारुले जानकारी दिए । दुर्घटनामा गम्भीर घाइते बस्नेतलाई जिल्ला अस्पतालले मृत घोषणा गरेको हो । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# रामपुरमा जेष्ठ नागरिक स्कुल सञ्चालन हुँदै

**पाल्पा,** कार्तिक १६/जिल्लाको रामपुर नगरपालिकाले जेष्ठ नागरिक स्कुल सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुर्‍याएको छ । चालु आर्थिक वर्षदेखि स्कुल सञ्चालन गर्ने गरी तयारी अन्तिम चरणमा पुगेको हो ।

रामपुर-५ रामघाटमा सञ्चालन गरिने जेष्ठ नागरिक स्कुलको भवन निर्माण तथा व्यवस्थापन सकिएको छ । जेष्ठ नागरिकहरुलाई स्कुलसम्म आवतजावत गर्नका लागि बस खरिद गरि बसको व्यवस्था गरिएको छ भने व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि व्यवस्थापन समिति गठन भएको छ । रामपुर जेष्ठ नागरिक स्कुल सञ्चालनका लागि बुद्धि प्रकाश रेग्मीको अध्यक्षतामा ११ सदस्यीय सञ्चालन समिति गठन गरिएको छ । जसको उपाध्यक्षमा मिनराज रेग्मी, कोषाध्यक्षमा चन्द्रा न्यौपाने, सह-सचिव सुरज गौतम ,सदस्यमा दुर्गा प्रसाद



पोखरेल, सुन्दर प्रसाद देवकोटा, कृष्ण प्रसाद अर्याल, फत्त बहादुर मल्ल, चन्द्र बहादुर राना, देविका गहतराज र सदस्य सचिवमा प्रविन तिमिल्सेना रहेका छन् । नवगठित समितिलाई बधाइ दिँदै रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले जेष्ठ नागरिकहरुको भावनालाई बुझेर जेष्ठ नागरिकमैत्री रुपमा सञ्चालन गर्न आग्रह गरे । यसका लागि स्कुल भित्र गरिने व्यवहारमा ध्यान दिनु पर्ने उनको भनाई छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## कम्युनिष्ट एकताको चर्चा

पछिल्ला केही दिन यता कम्युनिष्ट पार्टी एकताको कुराले चर्चा पाएको छ । विशेषगरी दुई प्रमुख घटक–माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टी (नेकपा एस) बीचको एकताको सम्भावना अन्तिम चरणमा पुगेको छ । तर राजनीतिक, ऐतिहासिक र वैचारिक कारणले यो प्रक्रिया सहज छैन । जेन–जी आन्दोलनपछि राजनीतिक दलहरू भित्री मत र नेतृत्व विभाजनको अवस्थामा फुन् र दलहरुप्रति जनता असन्तुष्टि हुनुले दुई कम्युनिष्टहरु एक हुन खोजेको देखिन्छ । के उनीहरु अब एक ठाउँमा आउन सक्छन् ? यो विषयले कौतुवलता सिर्जना गरेको छ । हुन त विगतमा कम्युनिष्टहरु एक ठाउँमा आउन खोजेपनि आउन नसकेका घटना छन् । जसले गर्दा यी दुई दलहरु पनि एक ठाउँमा आउन्छन् भनेर विश्वास गरिहाल्न सकिदैन । तर माओवादीको एकताको कुरालाई अन्यथा लिनु पनि हुँदैन । वास्तवमा शान्ति प्रक्रियामा आएयता माओवादीमा विचलन नआएको भए उक्त पार्टी सबैभन्दा सबल पार्टीका रुपमा रहनसक्ने सम्भावना थियो तर त्यसो हुन सकेन ।

अब प्रतिनिधिसभा निर्वाचनमात्र चार महिनामै आउन लागेको छ । यसबीचमा दलहरूले नीति, कार्यक्रम र रणनीति मिलाएर जनतासामु जानुपर्नेछ । जनताले विश्वास गरेर मतदान गर्नसक्ने अवस्था तयार गर्नु अत्यावश्यक छ । तर, अहिले तत्काल त्यस्तो अवस्था देखिँदैन । यस परिस्थितिमा हुने एकता वा विभाजन स्थायी रहने सम्भावना न्यून छ । अहिले जसरी पार्टीहरू जोडिन लागेका छन्, भविष्यमा त्यसरी नै छुट्टिनसक्ने सम्भावना प्रबल छ । यसर्थ, राजनीतिक उत्साह वा खिन्नता लामो समय टिक्ने छैन । नेपालका कम्युनिष्ट पार्टीहरूको इतिहासले देखाउँछ–एकताको सपना सधैं चुनौतीपूर्ण रहन्छ र वास्तविक स्थायित्वका लागि वैचारिक स्पष्टता, नेतृत्व क्षमता र जनसहभागिता अपरिहार्य छन् ।

### Opinion @ Social Network

सक्छौं सम्मान गरिदेऊ,
खेलौना नसम्झ नारीलाई,
चरित्र हत्या नगरिदेऊ ।
(पवित्रा अधिकारीको **फेसबुक स्टाटसबाट** www.facebook.com/pabitra.123)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# निर्वाचन भन्दा पहिला संविधानमा संशोधन गर



**पूर्ण ओली**

*सरकार चुपचाप रमिते मात्र भएको परिणाम थियो जेन–जीको आन्दोलन । तर यसलाई देशभित्रका अवसरबादी र सरकारको गैर जिम्मेवारीले गर्दा बिदेशीले समेत खेल्न पाए। जसको परिणाम देशको सम्पत्ति तहस नहस भयो। यही अवसरमा नेताले देश र बिदेशी बैंकमासमेत राख्न नसकेर घरमै ढुकुटी बनाएर पैसा राखेको पनि प्रमाणित भयो । २४ गतेको घटनामा मारिएका ३ जना प्रहरीका हत्यार पक्राउ गरि कारवाही अघि बढाइँदा यता बिद्यार्थीका हत्यारालाई पक्राउ गरि कारवाहीको दायरामासम्म नल्याउनु फेरि चैत्र १५ गतेको घटना जस्तै आन्दोलनकारीलाई मात्र कारवाही गरि फेरि सरकारका तर्फबाट भएको ज्यादतीलाई लुकाउन खोजिएको होइन भन्ने शंका उब्जेको छ । प्रहरी हतियार लिएर फिल्डमा उत्रेपछि अबस्था अनुसार प्रहरीले लाठी, पानीको फोहोरा तथा गोली हान्ने हो । तर सरकारका प्रमुखले मैले गोली हान्ने आदेश दिएको छैन भन्ने कस्तो हास्यास्पद जवाफ दिएका हुन् । त्यसको जवाफमा गृहसचिव र प्रहरी आइजिपीले बोल्नु पर्ने हो ।*

जेनजी आन्दोलन शुद्धीकरणलाई थियो सत्ताको लागि थिएन। भ्रष्टचार रोक्न र अपराधीलाई कारवाहीको लागि थियो। अहिले सत्ताका मानिस परिवर्तन गरेर केही मानिस मन्त्री बनाएर सत्ता चलाउन खोजिएको छ। सबैकुरा बिर्सिएर निर्बाचन गराउने रटानमा सरकार लागेको छ । पुराना दलका नेतालाई खुसी पार्न उनीहरुको भेला बोलाउन सुरु गरिएको छ । यस्तो भेला संबिधानमा आबश्यकता अनुसार संशोधन गर्ने वार्ता सुरु गर्नु पर्थ्यो। बिगतको कांग्रेस-एमाले सरकारले लामो समयदेखि जनतालाई झुटा आश्वासन बाँडेर संबिधानमा संशोधन गर्ने भनिएपनि संविधानमा संशोधनको कुनै सुरसार नगरी जनतालाई मुर्ख मात्र बनाइरह्यो। युवाहरुको बिदेश जानेको ताँतीलाई कुनै सम्बोधन नगरी रेमिट्यान्समा यति रकम आयो भनी त्यसैमा सरकारमा बसेकाहरु र्याल काढेर मात्र बसे । बिदेशीलाई नागरिकता बाँड्न हतारिए, तर बिदेशीएका नेपालीलाई स्वदेश फर्काउने कुनै योजना ल्याइएन । अनि बिदेशमा रोजगार गर्न गएका नेपालीलाई नेपालमा भोट हाल्ने अधिकारसम्म पनि दिइएन। जसले गर्दा देशमा भएका झोले कार्यकर्ताको मात्र बोलवाला रह्यो । शिक्षक र कर्मचारीमा भएको राजनीतिको कारण देशले शिक्षामा गुणस्तर प्राप्त गर्न सकेन अनि सुशासन नभएर भ्रष्टचारमा देश चुर्लुम्म डुब्यो । सरकार चुपचाप रमिते मात्र भएको परिणाम थियो जेन-जीको आन्दोलन । तर यसलाई देशभित्रका अवसरबादी र सरकारको गैरजिम्मेवारीले गर्दा बिदेशीले समेत खेल्न पाए। जसको परिणाम देशको सम्पत्ति तहस नहस भयो। यही अवसरमा नेताले देश र बिदेशी बैंकमासमेत राख्न नसकेर घरमै ढुकुटी बनाएर पैसा राखेको पनि प्रमाणित भयो । अझैपनि भाद्र २३ गते मारिएका स्कुल पढ्ने बिद्यार्थीका हत्यारालाई छानविन गरि कारवाहीसमेत सुरु गरिएको छैन । २४ गतेको घटनामा मारिएका ३ जना प्रहरीका हत्यार पक्राउ गरि कारवाही अघि बढाइँदा यता बिद्यार्थीका हत्यारालाई पक्राउ गरि कारवाहीको दायरामासम्म नल्याउनु फेरि चैत्र १५ गतेको घटना जस्तै आन्दोलनकारीलाई मात्र कारवाही गरि फेरि सरकारका तर्फबाट भएको ज्यादतीलाई लुकाउन खोजिएको होइन भन्ने शंका उब्जेको छ । तात्कालीन सरकारका गृहमन्त्री र प्रधानमन्त्रीले प्रहरीलाई गोली हान्ने आदेश दिएको थिएन भनेका छन् । प्रहरी हतियार लिएर फिल्डमा उत्रेपछि अबस्था अनुसार प्रहरीले लाठी, पानीको फोहोरा तथा गोली हान्ने हो। तर सरकारका प्रमुखले मैले गोली हान्ने आदेश दिएको छैन भन्ने कस्तो हास्यास्पद जवाफ दिएका हुन् । त्यसको जवाफमा गृहसचिव र प्रहरी आइजिपीले बोल्नु पर्ने हो। किन नबोली आफ्नो गल्ती ढाकछोप गर्न खोजेको त होइन । नत्र भने प्रहरीले बिद्यार्थीलाई ताकी ताकी टाउको र छातीमा गोली हान्ने प्रहरीलाई किन कारवाही सुरु गरिएन ? यहींबाट सरकारमा बसेका हालका गृहमन्त्रीप्रति शंका बढेको छ । वकिलको पृष्ठभूमिबाट गृहमन्त्री भएका ओमप्रकाश अर्यालबाट काइते कुरामात्र बाहिर आइरहँदा उनीलाई पूर्वप्रधानमन्त्री तथा गृहमन्त्रीले कडा शब्दमा प्रतिबाद गर्न थालिसको । त्यसकारण यो सरकारले आउँदो निर्बाचन गराउनने सम्भावना घट्दै छ । यदि निर्वाचन गरिहालेपनि निर्वाचनपछि आउने उनै दलका नेता कार्यकर्ताले यो देशमा सुधार गरि देशको बिकास गर्न सक्ने कुनै सम्भावना देखिँदैन । त्यसकारण निर्वाचन भन्दा पहिला नै सरकारले सबै दलका नेताको गोलमेच सम्मेलन गरी संबिधानमा धेरै जनताको चाहनाअनुसार संशोधन गरियोस् । र, संशोधन भएका बिषयहरुलाई अध्यादेशबाट पास गरियोस् । जसलाई पछि आउने सदनले पारित गर्नेछ । अत्यधिक जनताबाट चाहेको नेपालको सार्बभौम बचाउन र देशलाई एकतामा बाँध्न पनि हिन्दुराष्ट्र र राजसंस्था कायम गर्ने गरि संबिधानमा संशोधन गरियोस्। यति भएपछि दुर्गा प्रसाईंलगायतका मानिसहरुको आन्दोलन रोकिनेछ । केही कडा शब्द बोलेपनि दुर्गा प्रसाईंले तल्लोतहका जनता र राष्ट्रको हितमा बोलेका छन् । उनको समर्थनमा अत्यधिक सर्बसाधरणको समर्थन रहेको छ । त्यस्तै प्रदेश सरकारको कुनै काम छैन। यसले ठूला दलका दोश्रो तहका कार्यकर्तालाई जागिर खुवाउने काम मात्र गरेको छ । यही प्रदेश सरकारमा हुने मन्त्री, सांसद तथा कर्मचारीको ठूलो संख्याले देशको अत्यधिक धेरै राजस्व खर्च गरिरहेको छ । जसलाई धान्न देशको आम्दानी पर्याप्त छैन । त्यस्तै गरेर समानुपातिकको नाममा आउने दलका नेताका आसेपासे र नातागोता र झोलेबाट हुने सांसदको देशमा कुनै काम छैन । जसको कारण कुनैपनि दलको बहुमत नपुगी जहिलेपनि मिलिजुली सरकार बनेर कमजोर र अस्थायी सरकारमात्र बनेपछि देशले दिगो बिकास गर्न सक्तैन। न सुशासन दिन सक्छ। बिदेशीएका युवालाई स्वदेशमा फर्काएर देश बिकास गर्ने ठोस योजना देशमा नबनी कार्यन्वयन नभएसम्म नेपालको बिकास हुन सक्दैन । हामी सबै नेपालीलाई एकतामा बाँध्ने राजसंस्था र सनातन वैदिक धर्मलाई फेरि संस्थागत नगरेसम्म बिदेशीले इशाइकरण गरी देशलाई छिन्न बिन्न पार्न सक्छन् । संवैधानिक अंगहरुमा दलका झोलेबाट नियुक्त नगरी प्रतिश्प्रधा र क्षमताबाट मात्र नियुक्त गर्ने र सजाय र पुरस्कार सही रुपमा कार्यन्वयन नगरेसम्म देशमा सुशासन हुन सक्दैन । त्यसकारण अहिलेको सुशीला कार्कीको सरकारले नयाँ मन्त्री नियुक्त गरी जेनजीलाई बाहिर राखेर सरकार चलाइ राख्ने र फेरि पनि पुराना दलको डरले कसैलाई पनि कारवाही गर्न नसक्ने हो भने सत्तामा बसिरहनुको कुनै औचित्य छैन । अहिले जेनजीलाई गुमराहमा पार्दै अत्यन्तै अलोकप्रिय माओबादी पार्टीका नेता जसले १७००० जनता मार्ने प्रमुख कारक ब्यक्ति प्रचण्डले रेड जेनजी बनाएर माओबादीमा मिलाउने प्रयास गर्दैछन्। यसबाट जेनजीको नाम बदनाम मात्र होइन, उनीहरुको चाहना अनुसार नेपालमा कहिलेपनि शान्ति हुनेछैन । किनकि प्रचण्डले देशमा शान्ति र सुशासन चाहँदैनन् । उनी त अस्थिरता र कुशासनबाट फाइदा लिन चाहन्छन् । जसको कारण उनी अन्तर्राष्ट्रिय अदालतमा जान नपरोस् । त्यसकारण जेनजीको प्रमुख चाहना स्वदेशमा अध्ययन र रोजगार हो भने सुशासनबाट देशको बिकास र स्थिरता हो । यसका लागि सबै जेनजीमा एकता कायम हुनैपर्छ । यिनीहरु सबैले छुट्टै दल खडा गरी देशमा कसरी सुशासन कायम गरी कर्मचारी र शिक्षकलाई राजनीति भन्दा बाहिर राखी गुणस्तरीय शिक्षा र स्वास्थ्य देशमा दिन सकिन्छ। सरकारले त्यसतर्फ ध्यान दिन आबश्यक छ । अहिलेका दलका नेताले हाम्रो स्वतन्त्र देशलाई बिदेशीको रणभूमि बनाउन संभावनालाई ध्यानमा राखी नेपाल एकीकरण गर्ने राजा पृथ्वीनारायण शाहका सिद्धान्तलाई ध्यान दिएर उनै राजाको लेगासी बोकेको राजसंस्था कायम राखी संबैधानिक अधिकार मात्र दिइयोस् । त्यसपछि जनताका प्रतिनिधिबाट सरकार चलाउन उचित हुनेछ । अहिलेका राष्ट्रपतिले देशको हितमा कुनै काम गरेनन्। रामचन्द्र पौडेलले पूर्वराष्ट्रपति बिद्या भण्डारीको नाम काटेर देश बिरोधी नागरिकता बिधेयकमा दस्तखत गरी लाखौं भारतीयलाई नेपाली नागरिकता दिन सहयोग पुर्‍याए । त्यो राष्ट्रघाती कार्य थियो । त्यसैले यस्ता देशघाती राष्ट्रपति भन्दा हामीलाई देशलाई कहिलेपनि हानि नपुर्‍याउने राजसंस्थाको छहारी चाहिन्छ । त्यसकारण अहिलेको सरकारले सबभन्दा पहिला सबै दलको बैठक गरी संबिधानमा देश सुहाउँदो जनताको चाहनाअनुसार संबिधानमा संशोधन गरि देशलाई सही ट्राकमा राखौं । त्यसपछि निर्वाचन पछि जो जस्तो सरकार आएपनि नेपाली जनतालाई कुनै फरक पर्दैन । अन्यथा निर्बाचन मात्र गराएर आउने सरकारले पनि यो देशलाई सही तरिकाबाट चलााउन सक्दैन । त्यसपछि देश भडखालोमा पर्न सक्छ । होसियार ।

***– डिसी नेपाल डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ लक्ष्यतर्फ अग्रसर भइने छ। नयाँ कुरा पाउन केही वस्तु त्याग गर्नुपर्ला। | **तुला** : तत्काल ठूलो फाइदा नभएतापनि हिसाब किताबमा होस पुर्याउनुहोला। |
| **वृष** : व्यवसायमा अड्केको कार्य सम्पादन हुनेछ। घरायसी काममा धेरै खट्टिनुपर्ला। | **वृश्चिक** : स्वास्थ्यमा कमजोरीको अनुभूति हुनेछ। जमिनबाट लाभ आर्जन गर्न सकिनेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा नयाँ योजनाहरू प्रारम्भ हुने छ । आध्यात्मिकतिर मन जानेछ । | **धनु** : आँटेका कार्यमा सफलता मिल्नेछ। नयाँ कार्यको जग बसाउन सकिनेछ। |
| **कर्कट** : स्वास्थ्यलाई लिएर खानपिनमा सजग रहनुहोस्। शत्रुहरू सक्रिय रहनेछन्। | **मकर** : साहित्यको क्षेत्रमा सफलता मिल्नेछ। फजुल खर्चले आर्थिक पक्ष कमजोर रहनेछ। |
| **सिंह** : कार्यक्षेत्रमा कार्यलाई टाल्नु भन्दा कार्य सम्पादन गर्नमा विश्वास राखौं । | **कुम्भ** : कमी कमजोरीमा सुधार गर्दै जीवनशैलीमा ठूलो परिवर्तन ल्याउन सकिनेछ। |
| **कन्या** : अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । | **मिन** : विपरीत परिस्थितिलाई पनि आफ्नो अनुकूल बनाउन सक्नुहुनेछ। |

शिक्षा

# विश्वविद्यालयमा विद्यार्थी सङ्कट



**विराटनगर,** कृषि तथा वन विज्ञान विश्वविद्यालय (एएफयु) मा विद्यार्थीको चरम अभाव देखिएको छ । ५० जनाको कोटामा रोल्पाको कृषि कलेजमा कोही पनि विद्यार्थी भर्ना नै भएनन् भने बाँकेको खजुरा कलेजमा सात जनाले मात्रै भर्ना लिएका ती कलेजहरूले जनाएका छन् । 'यो वर्ष क्याम्पस खाली भयो,ब रोल्पाका एक सञ्चालकले भने, 'भर्ना हुनका लागि विद्यार्थी नै पुगेनन् । विश्वविद्यालयले लिएको प्रवेश परीक्षामा कम विद्यार्थी पास भए, त्यसैले विद्यार्थी नआएका हुन् ।' यो वर्ष क्याम्पस खाली नै हुने उनले बताए । 'पहिलो सेमेस्टरका लागि विद्यार्थी भएनन् । अब अर्को वर्षलाई नै कुर्नुपर्‍यो,' नाम उल्लेख नगर्दिने सर्तमा उनले भने, 'अरू सेमेस्टर त चलिरहेका छन् । २०७६ सालमा स्थापना भएयता यसपालि नै यस्तो भएको हो । यसअघि खाली बस्नुपरेको थिएन ।' यसको मुख्य कारण विद्यार्थी नै नहुनु र विश्वविद्यालयको प्रवेश परीक्षामा विद्यार्थी पास हुन नसक्नु मुल समस्या भएको उनले बताए । उता, बाँकेको खजुरा कृषि क्याम्पसका क्याम्पस प्रमुख कपिल खनालले पनि आफ्नो क्याम्पसमा जम्मा सात जना विद्यार्थी भर्ना भएका बताए । 'क्याम्पसको भविष्य संकटमा छ,' उनले भने, 'सात जना भर्ना भएका छन् । आधाभन्दा कम विद्यार्थी भएपछि अन्त सरुवा गर्ने भन्ने छ । सायद हाम्रोमा नभएका विद्यार्थीलाई अन्त पठाउन सकिन्छ वा अन्त नपुगेका विद्यार्थी हाम्रोमा पठाउन पनि सकिन्छ, निर्णय केन्द्रले गर्छ ।' खनालले प्रवेश परीक्षा पास भएका विद्यार्थी पनि भर्ना हुन पनि नआएका बताए । 'विश्वविद्यालयले लिएको परीक्षामा ७६० जनाजति पास भएका थिए, तर देशभरका कलेजहरूमा जम्मा ४२०-४३० जना मात्रै भर्ना हुन आए,' उनले भने, 'अहिले विद्यार्थीको जोडबल नै बाहिर जानमा छ । यो विशुद्ध राष्ट्रिय समस्या हो । स्नातक तहका विद्यार्थी अहिले देशैभरि अभाव छन्, जुन विषयमा पनि अभाव छ ।'

विश्वविद्यालयकी उपकुलपति शारदा थपलिया भने क्याम्पसहरूमा कति विद्यार्थी भर्ना भए वा कति अपुग छ भन्ने विषयमा यकिन तथ्याङ्क आइनपुगेको बताउँछिन् । यद्यपि स्रोतले दिएको जानकारी अनुसार केन्द्रीय क्याम्पस रामपुरमा १६५ सिटमध्ये १८ सिट खाली छ भने सिन्धुलीमा ५० मध्ये २९ सिट अपुग छ । पाख्रिबास ( धनकुटा)मा ५० मध्ये ३१ सिट अपुग, कैलालीको टीकापुरमा २७ सिट अपुग रहेको र महोत्तरीको बर्दिबासमा २८ सिटमा विद्यार्थी अपुग छन् । विश्वविद्यालयले लिने प्रवेश परीक्षा-नीतिका कारण कलेजका सिटहरू रित्तो हुने अवस्था किन आयो भन्ने प्रश्नमा उपकुलपति थपलिया आक्रोशित बनिन् । 'त्यसरी लेखिन्छ त समाचार ? अपिलको आधारमा ? तपाईंले अलिकति गहिराइमा बुझेर समाचार लेख्नुपर्छ जस्तो लाग्छ है मलाई । यस्तो भयो भने तपाईंको पत्रिकाको पनि विश्वसनीयता के हुन्छ ?,' उनले भनिन्, 'अहिले हाम्रो भर्ना प्रक्रिया टुंगिएकै छैन, विद्यार्थीहरूले फेरि आवेदन दिइरहेका छन् । तपाईंले तथ्य नबुझी लेख्नुभयो ।' कृषिजस्तो प्राविधिक विषयमा गुणस्तर कायम राख्न प्रवेश परीक्षामा न्युनतम मापदण्ड अनिवार्य भएको उनको तर्क छ । 'के जाँचै नलिइकन, पासै नभइकन पढाउनुपर्ने हो ? नेपाल सरकारले त्यो नियम ल्याइदियोस् न त,' उनले भनिन्, 'पहिले रामपुरमा मात्रै कृषि पढाइ हुन्थ्यो, अहिले ३ हजार जनशक्ति उत्पादन गर्ने ठाउँ खुलेको छ । विद्यार्थीको संख्या घटेको छ ।' उपकुलपतिले भर्ना प्रक्रिया जारी रहेको र समस्या ठुलो नभएको दाबी गरे पनि उल्लिखित तथ्यांकले भने भयावह अवस्था देखाउँछ । सुनसरीस्थित जीविका कलेज अफ एग्रिकल्चर साइन्सका सञ्चालक शिवकुमार डाँगीका अनुसार विश्वविद्यालयको 'पास-फेल' नीतिका कारण अधिकांश कलेज रित्तो हुने अवस्थामा पुगेका छन् । 'समग्रमा सरकारी कोटातर्फ ५१५ विद्यार्थी भर्ना गर्नुपर्नेमा जम्मा २७० जनाले मात्र भर्ना गरेका छन्,' डाँगीले भने, 'यो विश्वविद्यालयको चरम लापरबाही हो, सरकारी छात्रवृत्ति कोटामा समेत विद्यार्थी नपुग्नुले नीति कति गलत छ भन्ने प्रस्ट हुन्छ ।'

*विश्वविद्यालयले लागु गरेको न्युनतम अंक अनिवार्य हुनुपर्ने 'पास–फेल' प्रणालीका कारण सयौँ विद्यार्थी उच्च शिक्षाबाट वञ्चित भएकाले कतिपय विद्यार्थीले आफुहरूलाई भर्ना लिनुपर्ने माग गर्दै अपिल जारी गरेका छन् । विश्वविद्यालयले यस वर्ष स्नातक तह (कृषि, भेटरेनरी र वन) का लागि कुल एक हजार २१० सिट निर्धारण गरेको थियो । प्रवेश परीक्षाका लागि एक हजार ५०७ जनाले आवेदन दिए । तर, विश्वविद्यालयले परीक्षामा सहभागीमध्ये ७५० जना मात्र उत्तीर्ण र ७२२ जनालाई अनुत्तीर्ण भएको नतिजा सार्वजनिक गरेको थियो, जसले गर्दा अधिकांश कलेजहरू रित्तो हुने अवस्था सिर्जना भएको हो ।*

**विद्यार्थीको असन्तुष्टि**

विश्वविद्यालयले लागु गरेको न्युनतम अंक अनिवार्य हुनुपर्ने 'पास-फेल' प्रणालीका कारण सयौं विद्यार्थी उच्च शिक्षाबाट वञ्चित भएकाले कतिपय विद्यार्थीले आफुहरूलाई भर्ना लिनुपर्ने माग गर्दै अपिल जारी गरेका छन् । विश्वविद्यालयले यस वर्ष स्नातक तह ( कृषि, भेटरेनरी र वन) का लागि कुल एक हजार २१० सिट निर्धारण गरेको थियो । प्रवेश परीक्षाका लागि एक हजार ५०७ जनाले आवेदन दिए । तर, विश्वविद्यालयले परीक्षामा सहभागीमध्ये ७५० जना मात्र उत्तीर्ण र ७२२ जनालाई अनुत्तीर्ण भएको नतिजा सार्वजनिक गरेको थियो, जसले गर्दा अधिकांश कलेजहरू रित्तो हुने अवस्था सिर्जना भएको हो । विद्यार्थीहरूले जारी गरेको अपिलमा विश्वमा कहीँ पनि प्रवेश परीक्षा लिएर विद्यार्थी फेल नगराई उत्कृष्टताका आधारमा छनोट गरिने तर्क गरेका छन् । 'यहाँ आवश्यक सिटभन्दा कम विद्यार्थी उत्तीर्ण गराएर विश्वविद्यालयले हजारौँ विद्यार्थीको भविष्यमाथि खेलबाड गरेको छ,' अपिलमा उल्लेख छ । पीडित विद्यार्थीहरूले विश्वविद्यालयका पदाधिकारीहरू राजनीतिक भागबन्डाका आधारमा नियुक्त भएकाले विद्यार्थीको भविष्यभन्दा आफ्नो अनुकुलतामा नियमावली बनाएको आरोप लगाएका छन् । 'भीसी एमाले, रजिस्ट्रार कांग्रेस, कृषि डिन कांग्रेस, भेटरेनरी डिन माओवादी, वन डिन एमाले... विश्वविद्यालय राजनीतिको क्रीडास्थल बनेको छ र त्यसको सिकार हामी विद्यार्थी भएका छौं,' अपिलमा उल्लेख छ । विश्वविद्यालयका प्राध्यापक तथा अन्य सरोकारवालाहरूले पनि शिक्षामन्त्री महावीर पुनलाई ध्यानाकर्षण पत्र पठाउँदै प्रवेश परीक्षा प्रणालीमा अपारदर्शिता रहेको र निश्चित संकायलाई मात्र फाइदा पुग्ने गरी प्रणाली बनाइएको आरोप लगाएका छन् ।

*-रातोपाटी डटकम*

# जेन-अल्फालाई कस्तो शिक्षा दिने ?

समजशास्त्री कार्ल मानहेम भन्छन् –मानव इतिहासको समयरेखाको कुनै विशिष्ट बिन्दुमा त्यसै पिँढीका मानिसहरूले त्यस समाजको भावना, दृष्टिकोण र चेतना निर्धारण गर्छन् । त्योभन्दा अगाडि वा पछाडिका पुस्ताहरू त्यस बिन्दुका सामाजिक चरित्रसँग पूरा मेल खाँदैनन् । त्यस्तै भविष्यवादी शेरी टर्कल भन्छिन् – प्रविधि विशेषले हाम्रो भौतिक विकास मात्र परिवर्तन गर्ने होइन, त्यसले त 'हामी को हौं' भन्ने परिभाषा नै फरक पार्छ।पानीको धार जस्तै सामाजिक संरचनाहरू पनि निरन्तर परिवर्तन हुन्छन् । यही चलायमान सामाजिक गतिशीलताले समाजका नियम, व्यवहार, मान्यता र अपेक्षाहरूलाई यसरी परिवर्तन गर्छन् कि, अघिल्ला पुस्तालाई त्यो गतिशीलता अनुभूतिका लागि समय नै पुग्दैन । उल्लेख्य के छ भने, यो गतिशीलतालाई विज्ञान प्रविधि र सूचनाले अझै तीव्रता दिएको छ । हामी आफैले यसलाई अनुभव गर्न सक्छौं, दुई-तीन दशकअघिको समाज आजको भन्दा वस्तुगत रूपमा भिन्न छ । साधारणतया १५ देखि २० वर्ष वा औसतमा १७ वर्षको अन्तरालमा पुस्तान्तरको फरक राखिएको छ। अहिलेका कक्षा सात वा आठसम्म अध्ययन गर्ने विद्यार्थी जेन ( जेनेरेसन) 'अल्फा' हुन् । सन् २०२५ र यसपछि जेन-बिटा उदायमान अवस्थामा छ । भविष्यवादी अल्भिन टोफ्लर भन्छन्, 'यस्तो द्रुत पुस्ता परिवर्तनले हामीलाई झट्का दिन्छ। किनभने, यति छोटो समयभित्र हुने पुस्तागत सामाजिक फेरबदलले हामीलाई यसको गतिशीलताको प्रवाह अनुभव गर्न पाउनुभन्दा पहिल्यै परिणाम ल्याउँछ। हेर्दाहेर्दै हामी चकित हुन्छौं ।विश्वव्यापी रूपमा भएको जेन-जीको उदेक पार्ने आन्दोलनलाई उपर्युक्त समाजशास्त्रीय नियमहरूले पुष्टि गर्छन् । म यसलाई विरोध मात्र नभई पुस्तागत परिवर्तनका रूपमा लिन्छु । यसले हाम्रा सामाजिक आयामहरूलाई नयाँ किसिमले परिभाषित गर्दैछन् र हाम्रो सन्दर्भमा सामाजिक स्वरूपलाई नयाँ दिशामा लग्दैछन् । जेन-जीले के खोज्छन् भन्ने त हालैको आन्दोलनले आभास भयो नै, तर वस्तुगत रूपमा ती कस्ता छन् भन्ने पनि थाहा पाऔं । ती सूचना प्रविधिमै हुर्के र त्यो उनीहरूको निर्माणात्मक वर्षकै ( बाल्यकाल) भाग थिए । प्रविधिको उपयोग उनीहरूको जीवनको अंश बन्यो । उदाहरण, पोस्टर टाँसेर सडकमा आउने चलनलाई उनीहरूले 'डिस्कर्ड' ले विस्थापन गरे । भर्चुअल संसारबाट बनेको सम्पर्क, विचारका मन्थन र सहकार्यले उनीहरूको वास्तविक संसार निर्देशित भयो।उनीहरूको सिकाइको प्रमुख माध्यम इन्टरनेट हो । छिटो सिक्छन्, विचारमा मौलिकता राख्छन्। सामाजिक न्याय, उदारता, मानसिक स्वास्थ्यको सचेतना, समावेशीता, मानवता र स्वतन्त्र अभिव्यक्ति उनीहरूको प्रमुख मान्यताहरू मध्येका आउँछन् । साथै आफूलाई एक हदसम्म विश्व-नागरिकका रूपमा उनीहरू मान्छन् । उल्लिखित पृष्ठभूमिलाई अब म यो लेखसँग जोड्नेछु र शिक्षामा कस्ता परिवर्तन आवश्यक हुनेछन्, त्यसलाई अन्त्यमा समेट्ने छु।आशा छ पुस्तान्तरलाई हामीले सहज रूपमा लिन सक्नेछौं र उनीहरूलाई बुझेर तिनको भविष्य सुनिश्चित गर्नेछौं । समय-चक्रले मागेका अनुकूलता आत्मसात गर्न सक्नेछौं । अहिलेका अधिकांश स्कुले विद्यार्थी जेन-जीभन्दा फरक छन् । किनभने, जेन-अल्फा फरक पुस्ता हुन् । यिनीहरूको निर्माणात्मक वर्षका अनुभव जेन-जीको भन्दा फरक छ । मिलेनियल (जेन-जीभन्दा अगाडिका) वा जेन-जी यिनीहरूका अभिभावक हुन् । तसर्थ अभिभावकत्व पनि फरक छ । विकसित प्रविधिसँगै जेन-अल्फाको समग्र भोगाइमा भिन्नता छ ।

**बुझौं,जेन-अल्फा कस्ता छन् ?**

एआई प्रविधिमा जन्मेको यो पुस्ताले इन्टरनेट र सामाजिक सञ्जाल सँगसँगै सूचना प्रविधिसँग गहिरो जीवन सम्बन्ध गाँस्छ । उदाहरणका लागि, 'बुमर' पुस्तालाई टिभी विश्व चियाउने झ्याल भए जस्तै यो पुस्ताको एआई वैचारिक साथी हो । यिनीहरूले बोलेरै एलेक्सा वा जिपिटीमा अरूसँग भन्दा पहिले गृहकार्यको सहयोग प्रविधिसँग माग्छन्। तथ्य जाँच्छन् । आफ्नो विचारसँगै अन्यका विचारलाई प्रविधिको मद्दतले पर्गेल्छन्।यिनीहरूलाई बुमरको बेला जस्तो कथा बनाएर सजिलै ढाँट्न सकिने वा जबरजस्त अनुशासनको घेराभित्र राख्न सकिने छैन । यस बाहेक पनि परम्परागत सञ्चार माध्यमका शैली वा झुट समाचारहरूले पनि यिनीहरूलाई झुक्क्याउन सक्ने छैनन् ।पहिला छिमेकमा बालबालिका भेला भएर खेल्दै सामाजिकीकरण गर्थे । तर जेन-अल्फा प्रविधिको मद्दतमा साथीसंगाती भेट्छन्। अन्तर्क्रिया पनि प्रविधिकै माध्यमले गर्छन्। संसारको कुनै कुनाको नचिनेको साथीसँग खेल खेल्छन्। सूचना आदानप्रदान गर्छन् । साथी बन्छन् । भौतिक रूपमा नहोला तर साइबर संसारमा ती परिचित बन्छन् । प्रविधिले संसार नै उनीहरूको साथी हुने र समयक्रममा राष्ट्रवाद कमजोर हुने पक्का छ। जेन-अल्फाले पठन संस्कृतिलाई पनि फरक ढंगले लिन्छन् । मानौं, जेन-एक्स र मिलेनियलहरू पुस्तक पूरै पढ्थे । जेन-जी स्क्रलिङ गर्थे । जेन-अल्फा ट्यापिङ गर्दै, प्रश्न गर्दै पुस्तकहरूको अन्तर खोतल्छन् र सबै ज्ञान पाउँछन्। थोरै समयमा धेरै पढ्न सक्छन् । आफ्ना परिकल्पना एआईसँग चित्रमा कोर्छन्। संगीत सिर्जना गर्छन्। आफ्नै सोचाइलाई एआईको मद्दतले आलोचनात्मक ढंगले पनि हेर्छन्। स्मरण रहोस्, एआईले विद्यार्थीलाई बोधो बनाउँदैन, बरू ज्ञानको खोजलाई तीव्रता दिन्छ। परिस्कृत बनाउँछ। अनेक उपायहरू सुझाउँछ । यसैले नै यसको सही प्रयोग बताउँछ, जेन-अल्फाले त्यो बुझ्छन् । प्रविधिले उनीहरूलाई नयाँ शिराबाट झन् सिर्जनशील बनाउनेतर्फ हामी सकारात्मक हुन आवश्यक छ । समस्या आएमा कुनै प्रविधिका दुरूपयोग नीतिमार्फत् पनि नियन्त्रण गर्न सकिन्छ। तर सूचना प्रविधिको ढोका बन्द गरिन हुँदैन । तर थाहा पाउनुपर्ने तथ्य छ – जेन-अल्फा प्रविधिको दबाबमा यसैमा मात्र भरपर्ने, वास्तविक संसारबाट कम परिचित हुने जस्ता पक्षमा कमजोर बन्न सक्छन् ।

**यो समयले नै देखाउने छ !**

साधारणतया बालिकाहरूको भावनात्मक विकास बालकहरूको भन्दा छिटो देखिन्छ । प्रविधिको विकास र यसको प्रयोगले जेन-अल्फाका बालबालिकाको भावनात्मक विकासलाई समान बनाएको केही अनुसन्धानहरूले दाबी गरेका छन् । यसले सहपाठीहरूसँगको लिंगीय गतिशीलता र अन्तर्क्रिया फरक पार्नेछ । अध्येता रबर्ट पुटनम चेतावनी दिन्छन् – प्रविधिको प्रयोगले स्थानीय सामाजिक संसाधनलाई जेन-अल्फाले डिजिटल सामाजिक संसाधनका रूपमा लिनेछन् र त्यसैबाट सामाजिक मान्यताहरूलाई परिवर्तन गर्नेछन् । अर्थात्, सामाजिक रूपमा उनीहरू अघिल्लो पुस्ता जस्तो व्यक्तिगत तहमा गहिरो घुलमिल नभई एक्ल र स्वतन्त्र बन्नेछन् । समाजलाई डिजिटल संसारले निर्देशित गर्नेछ ।

भविष्यवादी अध्ययन भन्छ – पछिल्ला वर्षका जेन-अल्फाहरूले (अबको १५ देखि २० वर्षमा, जुन बेला अधिकांश जेन-बिटा विद्यालयमा हुनेछन्) परम्परागत सामाजिक रेखीय बनावटलाई डिजिटाइज्ड गर्दै यो प्रक्रियालाई विश्वव्यापी बनाउनेछन् । सामाजिक र मान्यताका विरोधाभासले उनीहरूमा थप दबाब ल्याउनेछ । विद्यालयमा पठनपाठनका शैली आमूल परिवर्तन हुनेछन् । पारिवारिक संरचना र मान्यतामा फरक ल्याउनेछ र व्यक्तिवाद जीवनशैलीमा हावी हुनेछ । समाजशास्त्रीहरू भन्छन् – तर हामीले झट्ट हेर्दा यसले भयावह स्थिति आउने परिकल्पना गर्नुको साटो, यी परिवर्तनभित्रै अनुकूलताको खोज हुनेछ र तिनै सामाजिक सम्बन्ध र मानव सभ्यताका आधार बन्नेछन् ।एआई अलगोरिदम विकासले सन् २०४५-५० को आसपास प्रविधिक एकविन्दु (टेक्नोलोजिकल सिंगुलारिटी) को कोशेढुंगा पार गर्ने सम्भावनाको प्रक्षेपण गरिएको छ । यो एआई प्रविधिको यस्तो अवस्था हो जसमा मानव बिना स्वयं एआईले सम्पूर्ण जिम्मेवारी लिन सक्छ । जेन-अल्फा र जेन-बिटा वयस्क बन्दा प्रविधिको यही संक्रमणकालीन अवस्थामा पर्न सक्छन् । यो सबै हेर्दा, भविष्यका पुस्ताले हालको मानव जीवनलाई सामाजिक र प्राविधिक पक्षबाट धेरै फरक पाउनेछन् । यसका पक्ष-विपक्षमा बहस र तर्क चलिरहेका छन्। अनिश्चितताले निम्त्याएको त्रास र सूचना प्रविधि विकासको उत्कर्ष दुवै चाखलाग्दा छन् ।

अब लेखको अन्तिममा परिवर्तनशील पुस्ताका लागि शिक्षाको कस्तो केन्द्रमा के हुँदा ठीक हुन सक्छ भन्ने चर्चा गर्छु । भविष्यवादी शिक्षाशास्त्री क्याथी डेभिडसन शिक्षा, सामाजिक विकास र तदनुरूप पुस्तागत तयारी हुनुपर्नेमा बहस गर्छिन् । उनी भन्छिन् – शिक्षालाई सामाजिक परिवर्तनको गतिसँगै अद्यावधिक गर्नुपर्छ। अन्यथा विद्यार्थीहरू नयाँ समाजका लागि योग्य हुन सक्दैनन् ।उदाहरणका लागि, औद्योगिकीकरणले एक किसिमको शिक्षा माग्यो भने अबको शिक्षाले सूचना र प्रविधिको भरपूर उपयोगिताको माग गर्छ। अबको समयमा एक व्यक्तिको विचार वा बुद्धिको संरचनालाई सूचना प्रविधि र एआईसँग जोड्न सक्नुपर्छ अनि मात्र त्यो समय सापेक्ष हुन्छ । तसर्थ, अबका विद्यालयले डिजिटल साक्षरतालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने हुन्छ । भविष्यवादी युभल नोआ हरारीका भविष्यको शिक्षाका कुरा चाखलाग्दा छन् । जेन-अल्फाले सहनुपर्ने दबाबहरू उनको दस्तावेजमा उल्लेख छन् । यसमा मुख्यत: भविष्यको अनिश्चितता, सूचनाको अत्यधिक भार, स्वचालन (अटोमेसन) र डिजिटल जीवन, नैतिक प्रश्न र जटिलता, र ज्ञानको तीव्र वृद्धि पर्छन्। प्रविधिको द्रुत विकासले निम्त्याउने अनिश्चितताका लागि विद्यालय र विद्यार्थी सजग हुनुपर्ने उनी बताउँछन् । उनको अध्ययनले भन्छ – विद्यार्थीलाई ज्ञानको अवधारणा बुझाइमा मात्र सीमित नगरी आवश्यक ज्ञान आफैले खोज्ने सीप विकास गराउनमा प्राथमिकता दिन आवश्यक छ । त्यस्तै विद्यार्थीहरूले समाजलाई स्थायित्व दिन नैतिक आधारमा निर्णय गर्ने क्षमताको विकास गर्नुपर्ने अध्येता हरारी बताउँछन् । यसले भविष्यमा हावी हुने व्यक्तिवादका प्रभाव न्यूनीकरण गर्छ । त्यस्तै प्रतिस्पर्धालाई सहकार्यमा प्रतिस्थापन गर्ने, सामाजिक-भावनात्मक विकासलाई प्राथमिकता दिने र मौलिक चिन्तनलाई शिक्षाको केन्द्रमा राख्नुपर्ने उनी बताउँछन् ।

*-सेतोपाटी डटकम*

# गुल्मीमा छोराद्वारा बुबाको हत्या




**गुल्मी,** कार्तिक १६/गुल्मीमा छोराले बुबाको हत्या गरेका छन् । जिल्लाको मालिका गाउँपालिका–३ ह्वाङ्दी म्यालका २३ वर्षीय भोटबहादुर विकले बुबा ५२ वर्षीय धनबहादुर विकको हत्या गरेका हुन् ।

उनले हसिया र मुग्रा प्रहारबाट बुबाको हत्या गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक गंगा बहादुर सारुले जानकारी दिए । उनका अनुसार कुटपिटबाट आमा ४८ वर्षीया दिलमाया विक भने घाइते भएकी छन् । उनलाई उपचारका लागि गुल्मी अस्पताल हुँदै पाल्पा पठाइएकोमा हाल लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचार भइरहेको छ । उनको पनि अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । यो घटना शनिबार साँझ घटेको थियो । घटनामा संलग्न मानसिक सन्तुलन ठिक नभएका भनिएका छोरालाई प्रहरीले नियन्त्रणमा लिएर हिरासतमा राखेको छ । मृतकको शव पोष्टमार्टमका लागि गुल्मी अस्पताल ल्याइएको प्रहरीले जनाएको छ । घटनाका विषयमा थप अनुसन्धान भइरहेको छ ।

# कार्तिक १९ गते तिनाउमा सार्वजनिक बिदा


तिनाउ गाउँपालिका
Tinau Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
Dobhan, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
मिति: २०८२।०७।१६
ने.सं.११४६ कछलाथ्व ११, आइतबार
[illegible]

**पाल्पा,** कार्तिक १६/जिल्लाको तिनाउ गाउँपालिकाले कात्तिक १९ गते बुधबार सार्वजनिक बिदा दिएको छ । असोज १३ गते बसेको गाउँ कार्यपालिकाको बैठकले सत्यवती मेलाको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

सो दिन गाउँपालिका मातहतका सरकारी कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य संस्था (आकस्मिक बाहेक) तथा अन्य सार्वजनिक निकायहरुमा स्थानीय सार्वजनिक बिदा दिइएको गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले बताए । आइतबार गाउँपालिकाले एक सूचना नै प्रकाशित गरी बिदा दिइएको जानकारी गराएको छ । तिनाउ गाउँपालिका–४ सत्यवतीमा रहेको सत्यवती मन्दिरमा हरेक वर्ष कात्तिक पूर्णिमासम्म भक्तजनले चिच्याएरै वर मागने गर्दछन् । यहाँ पुग्ने जो कोहीले सत्यवती बज्यैसँग चिच्याएरै वर मागने चलन छ । सत्यवती बज्यैदेवी कानले नसुन्ने भएकाले भक्तजनले चिच्याएर वर मागने चलन रहेको हो । 'हे सत्यवती बज्यै मैले राम्रो श्रीमान्श्री/मती पाऊँ, छोरा पाएमा फेरि तिम्रै शरणमा आउनेछु, मैले यसै वर्षभित्र सरकारी जागिर पाऊँ, पढाइमा सफल हुन पाऊँ, मनले चिताएका सबै कुरा पुगोस्, सबै कुराले भरिपूर्ण हुन पाऊँ आदि आदि ।' यहाँ बाँसको लिंगो लिएर आवाज निकाल्ने गरी चिच्याउँदै वर मागने र सत्यवती मन्दिर परिसरको पोखरीमा लिंगो गाडेर पूजा गर्ने चलन छ । सत्यवती तालको वरपर तीनपटक घुमेर सार्वजनिक रूपमै वर माग्नुपर्छ । स्थानीय संस्कृतिअनुसार चिच्याएर वर जसले माग्छ, उसलाई पूरा हुने विश्वासका साथ चिच्याउने गर्छन् । त्यसपछि तालको छेउमा बाँसको लिंगो गाडेर पूजा गरिन्छ ।

# पदयात्रीको रोजाइमा...

...सो दिन डाँडामा मेलासमेत लाग्ने गर्दछ । यहाँ पूजा गर्नाले आफ्नो कूलमा सुख, सम्वृद्धि प्राप्त हुने जनविश्वास थारु समुदायमा छ । पछिल्लो समयमा यो क्षेत्र प्रमुख पर्यटकीय गन्तव्यका रूपमा चिनिँदै गएको वडाध्यक्ष सोतीले बताए । अहिले विभिन्न ठाउँबाट यहाँ आउने आन्तरिक पर्यटक बढेका भन्दै दैनिक ३० जनासम्मले डाँडा चढ्ने गरेका उनले जानकारी दिए । देवचुलीडाँडा पदयात्राको गन्तव्य बन्दै जाँदा पोखरी, कुमसोत, कीर्तिपुर क्षेत्रमा चहलपहल बढेको उनले बताए । यस क्षेत्रमा थप पर्यटकीय पूर्वाधार विकास गर्दै पर्यटन प्रवर्द्धनका माध्यमबाट स्थानीयको आयआर्जन बढाउने योजनामा नगर र वडा कार्यालय रहेको उनले उल्लेख गरे ।

# रामपुरमा जेष्ठ...

...संस्कृतिको संरक्षणसँगै उमेर पुगेका नागरिकहरुको सम्मान सहितको सक्रिय जीवन निर्वाहका लागि स्कुल सञ्चालन गर्न लागिएको नगर प्रमुख रमण बहादुर थापाले बताए ।

विषेश गरी दिउँसोको समयमा जेष्ठ नागरिकहरुलाई स्कुलसम्म ल्याईने र पुराना संस्कार र संस्कृति बारे नयाँ पुस्ताले अध्ययन गर्न पाउने व्यवस्था गरिने नगर प्रमुख थापाको भनाई छ । उनले भने–"स्कुल सम्म आउनका लागि नगरपालिकाले बस खरिद गरिसकेको छ, जेष्ठ नागरिकलाई दिउँसोको समयमा स्कुलमा ल्याईन्छ, जेष्ठ नागरिक स्कुलमा उनीहरुबाट हाम्रा लोप हुन लागेका संस्कार संस्कृति चालचलन बारे अध्ययन गर्न सकिन्छ ।" साथै उनले नगरपालिका भित्रका सबै विद्यालयलाई क्रमश जेष्ठ नागरिक स्कुलमा अध्ययन अवलोकनको व्यवस्था गरिने जानकारी दिए । जेष्ठ नागरिक स्कुलले संस्कार संस्कृतिको संरक्षण र पुस्तान्तरणमा टेवा पुग्ने बताए । जेष्ठ नागरिक स्कुलमा विभिन्न धार्मिक प्रवचन,भजन कृतन , विभिन्न घरेलु सामग्री र यसको प्रयोग ,जेष्ठ नागरिकहरुका लागि दिवा खाजा , स्वास्थ्य परिक्षण सहित सन्ध्या आरतीको व्यवस्था गरिने रामपुर नगरपालिकाले जनाएको छ ।

## खेलकुद समाचार


# नेपाल अमेरिकासँग ४ विकेटले पराजित



**काठमाडौं,** कात्तिक १६/आईसीसी विश्वकप क्रिकेट लिग–२ अन्तर्गतको त्रिदेशीय शृङ्खलामा नेपाल लगातार तेश्रो खेलमा पराजित भएको छ । खेलमा नेपाल अमेरिकासँग चार विकेटले पराजित भएको हो । नेपालले दिएको दुई सय ७२ रनको लक्ष्य पछ्याएको अमेरिकाले ४९ ओभरमा छ विकेट गुमाएर भेटायो । अमेरिकाका साइतेजा मुक्कामलाले ७५, मिलिन्द कुमारले ७० र शायन जहाँगीरले ३६ रन बनाए । नेपालका सन्दीप लामिछानेले तीन, नन्दन यादव, करन केसी र गुल्शन झाले समान एक विकेट लिए । त्यसअघि दुबईमा टस हारेर ब्याटिङ गरेको नेपालले ५० ओभरमा सबै विकेट गुमाएर दुई सय ७१ रन बनायो । नेपालका दीपेन्द्रसिंह ऐरीले ७५ रन बनाए । यस्तै करन केसीले ४९, कुशल भुर्तेलले ४७, भिम सार्कीले ४३ र कप्तान रोहितकुमार पौडेलले ३६ रन बनाए । अमेरिकाका हरमित सिंहले तीन, नोस्टुस केन्जिगे र सौरभ नेत्रवलकरले समान दुई, जसदीप सिंह र शुभम रञ्जनेले समान एक विकेट लिए । यो हारसँगै लिग–२ मा नेपाल १९ खेलमा १२ अङ्कसहित पुछारबाट दोश्रो स्थानमा यथावत् छ । २३ खेलमा अमेरिका ३४ अङ्कसहित तालिकाको शीर्ष स्थानमा यथावत् छ । यो शृङ्खलाको पहिलो खेलमा गएको आइतवार नेपाल अमेरिकासँग एक सय छ रनको फराकिलो अन्तरले पराजित भएको थियो । त्यस्तै बिहीवार घरेलु टोली यूएईसँग भएको खेलमा पनि नेपाल पाँच विकेटले पराजित भयो । नेपालले यूएईमा भइरहेको श्रृंखलाको अन्तिम खेल आउँदो बुधवार घरेलु टोलीसँग खेल्नेछ । त्यसपछि टोली स्वदेश फर्कनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से ३० अंकले बढ्यो



**पाल्पा,** कार्तिक १६/साताको पहिलो सेयर कारोबार दिन आइतबार नेप्से परिसूचक दोहोरो अंकले बढेर बन्द भएको छ । यसदिन नेप्से परिसूचक ३० दशमलव ७५ अंकले बढेको हो ।

नेप्से बढेसँगै २ हजार ६ सय ३१ दशमलव १४ विन्दुमा अडिएक छ । सेन्सेटिभ इण्डेक्स ४ दशमलव ४१ प्रतिशतले बढेर ४ सय ५७ दशमलव २२ विन्दुमा पुगेको छ । यसदिन ३ सय १९ स्क्रिप्सको २ करोड ९७ लाख ३८ हजार १ सय ३९ कित्ता सेयर ९ अर्ब २० करोड ३१ लाख ४६ हजार ४ सय २९ रुपैयाँमा खरिदबिक्री भए । नेप्से परिसूचक दोहोरो अंकले बढ्दा पाँच कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । सामुदायिक लघुवित्त वित्तीय संस्था, गोरखाज फाइनान्स,पञ्चकन्या माइ हाइड्रोपावर,पिपुल्स पावर र थ्रेढ्थुम पावरको सेयर १० प्रतिशतले बढेको हो । कारोबारमा आएकामध्ये २०५ स्टक्सको मूल्य बढ्दा ४२ वटाको घट्यो । ३ स्टक्सको मूल्य भने स्थिर रह्यो । कारोबार रकमका आधारमा हिमालयन बैंक प्रमोटर शीर्षस्थानमा रह्यो । सो बैंकको १ अर्ब ६६ करोड ५ सय ९० लाख ५९ हजार ७६ रुपैयाँको सेयर कारोबार भयो । युनियन हाइड्रोपावरले ३४ करोडको सेयर कारोबार गर्दा बुटवल पावरले २५ करोड,राधी विद्युतले २४ करोड र एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्टले २० करोड मूल्य बराबरको सेयर कारोबार गरे ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको साविक नाम **श्री रुपछाँया कन्स्ट्रक्सन** द.नं. २६५६१७/०७८/०७९ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी **श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/११** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **श्री एल.बि.अल्सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको साविक नाम **श्री पाण्डे विष्णु निर्माण सेवा एण्ड सप्लायर्स** द.नं. ३५३६५८/८१/८२ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी **श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०६/०५** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **श्री ध्यूबेसी कन्स्ट्रक्सन एण्ड सप्लायर्स** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको साविक नाम **श्री एलिना मेलिना कन्स्ट्रक्सन एन्ड सप्लायर्स** द.नं. ३३४७४८/८०/०८१ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी **श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०५/२०** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **श्री ए.एम.के कन्स्ट्रक्सन एण्ड सप्लायर्स** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई